सूचना। सूचना।। सूचना।।।

नेपाल सरकार

गृह मन्त्रालय

**महानगरीय ट्राफिक प्रहरी महाशाखा**

रामशाहपथ,काठमाण्डौ

**(आर्थिक प्रशासन शाखा)**

कार्यालय प्रमुख
प्रहरी अतिरिक्त आयुक्त
(सर्वेन्द्र खनाल)
प्रहरी नायब महानिरीक्षक

घोडादाना (आहारा) खरिद बन्दोबस्त सम्बन्धी सिलबन्दी बोलपत्र आह्वान

सूचना नं.१/२०७४/०७५

राष्ट्रिय दैनिक गोरखापत्रमा प्रथम पटक प्रकाशित मिति २०७४।०७।१६ गते बिहीबार।

यस महाशाखामा मौज्दात रहेका घोडा संख्या १५ (पन्ध्र) जीउको लागि आ.व.२०७४/०७५ अर्थात मिति २०७४ साल माघ १ गते देखी २०७५ साल पौष मसान्त सम्म बर्ष १ (एक) को निमित्त घोडादाना (आहारा) खरिद बन्दोबस्त गर्नुपर्ने भएको हुंदा तपसिलमा लेखिएका सर्तमा रहि घोडादाना (आहारा) खुवाउन ईच्छुक व्यक्ति वा फर्महरुले बोलपत्र सम्बन्धी फारममा रु.१० को टिकट टांसी सिलबन्दी बोलपत्र पेश गर्न हुन सर्वसाधारणमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :-**

१ घोडादानाको बोलपत्र सम्बन्धी फाराम दस्तुर.......................................................रु.३०००।- (तीनहजार मात्र)

२ बोलपत्र सम्बन्धी कागजात खरिद गर्न चाहने ईच्छुक नेपाली आपुर्तिकर्ताले लिखित आवेदन सहित सम्बन्धित फाराम यस महाशाखाको सूचनामा उल्लेख भए बमोजिमको दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयको कोर्ड नं.२७-३१४-०६ मा (राजश्व शिर्षक नं.१४२२७) नेपाल सरकारको राजश्व खाता नं.क १-१-९९९) मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर सूचना प्रकाशित भएको मिति देखि २०७४।०८।१५ गते शुक्रबारका दिन कार्यालय समय सम्म सम्बन्धित जिल्ला प्रशासन कार्यालय काठमाण्डौं, कोष तथा लेखा नियन्त्रक बबरमहल काठमाण्डौं र यस महाशाखाबाट खरिद गर्न सकिने छ।

३ बोलपत्र जमानतको मान्य अवधि बोलपत्रको मान्य अबधि भन्दा कम्तीमा ९० (नब्बे) दिन भन्दा बढीको हुनु पर्ने छ।

४ घोडादाना सिलबन्दी बोलपत्र सूचना प्रकाशित भएको मिति देखि मिति २०७४।०८।१८ गते सोमबारका दिन दिनको १२:०० बजे सम्ममा यस महाशाखाको आर्थिक प्रशासन शाखामा दर्ता गराई सक्नु पर्नेछ। दर्ता हुन आएका रितपूर्वकको सिलबन्दी बोलपत्रहरु सोही दिनको १४:०० बजे यस महाशाखामा बोलपत्र खोल्ने कार्यको लागि उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजको आधिकारीक प्रतिनिधीको रोहबरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन। पुर्व निर्धारित मितिमा कारणबस बोलपत्र नखोलिएको अबस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अबधिको गणना पुर्व निर्धारित मिति देखि नै गरिने छ।

५ बोलपत्रदाताले सम्बन्धित आन्तरिक राजश्व कार्यालयबाट आ.ब.२०७२/०७३ को करचुक्ता प्रमाणपत्र वा आ.ब.२०७३/०७४ को करचुक्ता वा कर विवरण पेश गरेको वा म्याद थप गरेको प्रमाणित कागजात पेश गर्नु पर्ने छ।

६ बोलपत्र खरिद गर्ने, दाखिला गर्ने एवं खोलिने अन्तिम दिन कारणबस कुनै सार्वजनिक बिदा परेमा सोको भोलीपल्ट वा कार्यालय खुलेको दिनमा माथी उल्लेखित स्थान र समय भित्र बोलपत्र दर्ता र खोलिने छ।

७ बोलपत्र जमानत बापत (महानगरीय ट्राफिक प्रहरी महाशाखा) वा कोष तथा लेखा नियन्त्रक कार्यालय को नाममा नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको धरौटी खाता नं.१२०१२०००१००२५२४/०७४ मा रु.१,३८,०००।- (अक्षरुपी एक लाख अडतिस हजार) जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकबाट जारी भएको जमानत (बिडबण्ड) सिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्ने छ।

८ घोडादाना (आहार) खरिद सम्झौता अबधिभर कुनै पनि मूल्य बृद्धि दिईने छैन।

९ बोलपत्र सम्बन्धी कागजातको परिमाण सहितको मूल्य सूचि भर्दा मूल्य अभिबृद्धि कर बाहेकको प्रति दिन प्रति जीउ (घोडा) को आईटमबाईज दररेट भर्दा अंक र अक्षर दुबैमा स्पष्ट लेख्नु पर्नेछ। अंक र अक्षर बिच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ।

१० म्याद नाघी प्राप्त भएका बोलपत्र र रित नपुगेका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।

११ बोलपत्र सम्बन्धी स्वीकृत गर्ने वा नगर्ने अधिकार कार्यालयमा सुरक्षित रहने छ।

१२ सम्बन्धित कार्यालयबाट बिक्री बितरण भएको बोलपत्र कागजात मात्र मान्य हुने र एक व्यक्ति,फर्म,संस्था वा कम्पनीको नामबाट खरिद गरिएको बोलपत्र अर्को ब्यक्ति, फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाईने छैन।

१३ ढुवानी खर्च राशन आपुर्तिकर्ता स्वयंले व्यहोर्नु पर्ने छ र यस महाशाखा सम्म राशन आपुर्तिकर्ताबाटै राशन आपुर्ति गर्नु पर्ने छ।

१४ बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भएको प्राबिधिक विवरण (स्पेशिफिकेशन) बमोजिम गुणस्तरयुक्त र नेपाल सरकारले तोकेको मापदण्ड भित्रको प्रत्येक आईटमको नमूना बोलपत्र सम्बन्धी कागजातमा उल्लेख भए अनुसारको परिमाणमा छुट्टाछुट्टै प्याकिङ गरी बोलपत्र साथ पेश गर्नु पर्ने छ।

१५ घोडादाना (आहार) खरिद बन्दोबस्त सम्झौता भएपछि मात्र अन्य अस्वीकृत बोलपत्रदाताहरुको धरौटी रकम फिर्ता दिईने छ।

१६ बोलपत्र पेश गर्नु पूर्व बोलपत्रदाताहरुको बैठक मिति २०७४ साल मंसिर महिना ०६ गते बुधबार दिउसो १४:०० बजे घोडादाना आपुर्ति व्यवस्था गर्ने हुंदा उक्त दिन उपस्थित हुन र सबै संम्भावित बोलपत्रदाताहरुले उक्त मिति अगावै बोलपत्र सम्बन्धी कागजात खरिद गर्न उपयुक्त हुने कुरा जानकारी गराईन्छ।

१७ सूचनामा उल्लेख नभएको कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) प्रचलित नियमावली बमोजिम हुने छ।

१८ बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्न परेमा यस महाशाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ साथै बोलपत्र सम्बन्धी सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयकोwebsite:www.ppmo.gov.np.,नेपालप्रहरीकोwebsite:www.nepalpolice.gov.np?website:www.traffic.nepalpolice.gov.np मा पनि हेर्न सकिने छ।